उपराष्ट्रपति

काठमाडौं, नेपाल

आदरणीय दिदीबहिनी तथा दाजुभाइहरु,
शोकसन्तप्त परिवारजनहरु,
सामाजिक अभियन्ताहरु,
सर्वसाधारण नागरिकहरु,

मुलुकभर सोमबार भएको 'जेनरेसन जेड' (जेनजी) पुस्ताको प्रदर्शनका क्रममा नागरिकको ज्यान गएको दुःखद घटनाले अत्यन्तै मर्माहत, स्तब्ध र चिन्तित छु।

मृतकप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै उहाँहरूको दिवंगत आत्माको चिरशान्तिको कामना र शोकसन्तप्त परिवारजनप्रति गहिरो समवेदना तथा सहानुभूति व्यक्त गर्दछु। यस कठिन घडीमा पीडित परिवारलाई धैर्य, साहस र आत्मबल प्राप्त होस् भन्ने कामना गर्दछु। प्रदर्शनका क्रममा घाइते भएकाहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दै उहाँहरुको निःशुल्क उपचारका लागि सरकार र सम्बन्धित निकायलाई आग्रह गर्दछु।

जनताको अभिव्यक्ति र सहभागिताको अधिकार सुनिश्चित गरिने लोकतान्त्रिक मूल्य र मान्यतामा विश्वास राख्ने हामी सबैका लागि नागरिकको दुःखद निधन अत्यन्त पीडादायक र मर्मस्पर्शी घटना हो। लोकतन्त्रमा नागरिकको अभिव्यक्ति, सहभागिता र शान्तिपूर्ण प्रदर्शनको अधिकार सुनिश्चितता अत्यावश्यक छ। यस्ता दुःखद घटनाहरुबाट पाठ सिक्दै अगामी दिनहरुमा यसको पुनरावृत्ति हुन नदिन हामी सबै थप संवेदनशील, उत्तरदायी, सचेत र सहिष्णु बन्न जरुरी छ।

शान्तिपूर्ण अभिव्यक्ति र प्रदर्शन लोकतन्त्रको मेरुदण्ड हो। देश र समाजमा शान्ति, सद्भाव र सहकार्यको वातावरण कायम राख्न हामी सबैको साझा जिम्मेवारी हो। यस दिशामा सबै पक्षको सक्रिय, सकारात्मक र जिम्मेवार भूमिका अपरिहार्य छ। सम्पूर्ण नागरिकहरूलाई संयमता, सहकार्य, जिम्मेवारपूर्ण व्यवहार र आपसी समझदारीको भावनाका साथ राष्ट्को शान्ति, अमनचयन, स्थायित्व तथा समृद्धिको यात्रामा योगदान पुऱ्याउन आग्रह गर्दछु। शान्ति र मानवताको पक्षमा हामी सबै एकजुट रहौं।

२४ भदौ २०८२, मंगलबार।

रामसहाय प्रसाद यादव
उपराष्ट्रपति